संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल चैत १० गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर समय माग गर्नुहुँदै मा० श्री दिलेन्द्रप्रसाद बडूले दार्चुला जिल्लाको सदरमुकाममा रहेको एउटा गाउँमा भारतले एकतर्फी रुपमा नेपाली भुभाग समेत ओगटी पक्की तटबन्ध बनाइरहेको, विभिन्न प्रयासहरु मार्फत् सो कार्य रोक्न भारतीय अधिकारीहरुसँग छलफल हुँदा पनि नरोकिएकोले सो विषयतर्फ नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै देशको भौगोलिक अखण्डता जोगाउन तत्काल त्यो तटबन्ध निमार्ण कार्य रोक्न सरकारले आवश्यक कदम चालोस् र यस सम्बन्धमा भएको यथार्थ जानकारी सभाको अर्को बैठकमा सरकारको तर्फबाट आओस् भन्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री अमनलाल मोदी
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० श्री ईन्दु कुमारी शर्मा
५. मा० श्री उमा रेग्मी
६. मा० श्री एकवाल मियाँ
७. मा० श्री कु. तुल्सि थापा
८. मा० श्री कृष्णप्रसाद दाहाल
९. मा० श्री कृष्णभक्त पोखेल
१०. मा० श्री केदार सिग्देल
११. मा० श्री खगराज अधिकारी
१२. मा० श्री खेमप्रसाद लोहनी
१३. मा० श्री गगन कुमार थापा
१४. मा० श्री गजेन्द्र बहादुर महत
१५. मा० श्री गंगा चौधरी (सत्गौंवा)
१६. मा० श्री घनश्याम खतिवडा
१७. मा० श्री चाँदतारा कुमारी
१८. मा० श्री जीपछिरिङ लामा
१९. मा० श्री जीवनराम श्रेष्ठ
२०. मा० श्री झपटबहादुर रावल

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठले “न्याय परिषद् र न्याय सेवा आयोगको आर्थिक वर्ष २०७६-०७७ को वार्षिक प्रतिवेदन” र “महान्यायाधिवक्ताको आर्थिक वर्ष २०७६-०७७ को वार्षिक प्रतिवेदन” पेश गर्नुभयो ।

त्यसपछि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री बिमलप्रसाद श्रीवास्तवले “उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन, २०७७” पेश गर्नुभयो ।

तदुपरान्त बैठक २०७७ साल चैत १८ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको १:५० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव